नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# सार्वजनिक खरिद अनुगमन कार्यालय
## सार्वजनिक निर्माण तथा परामर्श सेवा खरिद अनुगमन शाखा
केसरमहल ,काठमाडौं

**प.सं. :-** ०८३/८४
**च.नं. :-** सा.नि.प.से.ख./३५०

**मिति :-** वि.सं. २०८३/०६/०८
**ने.स. :-** ११४६ ञँलाथ्व,१३ बिहिवार

विषयः राय परामर्श माग गर्ने ढाँचा तथा राय परामर्श प्रदान नहुने विषयहरूका सम्बन्धमा ।

श्री सार्वजनिक निकाय,
सबै ।

यस कार्यालयको प.सं. ०८२।८३, च.नं. MNP।१३१६, मिति २०८२।११।१७ को सूचना बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सार्वजनिक निकायले यस कार्यालयलाई राय परामर्श माग गर्दा अपनाउनु पर्ने ढाँचाबमोजिम माग गर्न तथा राय परामर्श प्रदान नहुने विषयहरूमा ध्यानाकर्षण गराइएकोमा उक्त ढाँचा तथा राय परामर्श प्रदान नहुने विषयहरू यस कार्यालयको मिति २०८३।०६।०२ को (सचिवस्तर) निर्णयानुसार तपसिल बमोजिम समयानुकुल परिमार्जन गरिएको बेहोरा जानकारीका लागि अनुरोध छ ।

क. **सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयमा राय परामर्श माग गर्दा सार्वजनिक निकायले अपनाउनुपर्ने प्रक्रिया तथा विवरण**

कुनै सार्वजनिक निकायबाट राय परामर्श माग गर्ने विषयमा सम्बन्धित सार्वजनिक निकायको प्रमुखको तहबाट निर्णय गराई कार्यालयको लेटरप्याड (फोन नम्बर र इमेल ठेगानासहित) मा तपसिल बमोजिमको ढाँचामा पठाउनु पर्नेछ।

तपसिल :

**१. मामिलाको संक्षिप्त पृष्ठभूमिः**

(आयोजना/परियोजनाको विवरण उल्लेख नगरी मुख्य समस्या उल्लेख गर्ने ।)

**२. राय मागसँग सम्बन्धित दफा वा नियमः**

(राय माग गरिएको विषय सार्वजनिक खरिद ऐनको कुन दफा वा सार्वजनिक खरिद नियमावलीको कुन नियम वा नमूना बोलपत्र कागजात वा अन्य कुनै कार्यविधिमा रहेका कुन प्रावधान लगायतसँग सम्बन्धित रहेको हो, सो उल्लेख गर्ने ।)

**३. आइपरेका समस्या तथा द्विविधा र राय परामर्श माग गर्नुपर्ने कारणः**

(कानूनको व्याख्यामा भएको वा हुने भिन्नता वा द्विविधा साथै यसबाट उत्पन्न समस्या उल्लेख गर्ने।)

**४. कानूनी द्विविधा निराकरणको लागि उपयुक्त लागेको सिफारिसः**

(सार्वजनिक निकायको दृष्टिकोणमा उपयुक्त लागेको सिफारिस स्पष्टसँग उल्लेख गर्ने।)

**ख. राय परामर्श प्रदान नहुने विषयहरू -**

१) खरिद ऐन, नियम र नमूना बोलपत्र कागजातमा स्पष्ट उल्लेख भएका विषय,
२) खरिद कानूनको परिधिभन्दा बाहिरका विषय,

३) यस कार्यालयले जारी गरेको कार्यविधि, निर्देशिका वा नमूना बोलपत्र कागजात प्रयोग नभई गरिएका खरिद सम्बन्धी विषय,

४) सार्वजनिक निकाय वा निकायका प्रमुख स्वयंले निर्णय लिनुपर्ने भनी स्पष्ट भएका विषय,

५) सार्वजनिक निकायले गरेको खरिद प्रक्रियामा कुनै किसिमले संलग्न हुने वा तत्सम्बन्धमा उत्पन्न हुने विवाद समाधानसँग सम्बन्धित विषयमा, (सार्वजनिक खरिद ऐनको दफा (६५) को उपदफा (२))

६) सार्वजनिक निकाय स्वयंको निर्णयका कारण विवाद सिर्जना भएका विषय,

७) प्राविधिक वा आर्थिक प्रस्ताव खोली मूल्याङ्कन चरणमा रहेको विषय,

८) सार्वजनिक निकायबाट निर्धारित ढाँचामा राय परामर्श माग नगरिएको वा ढाँचा प्रयोग गरेको भए पनि आंशिक बेहोरा मात्र खुलाएको अवस्था,

९) राय परामर्श माग गर्ने सम्बन्धमा सम्बन्धित सार्वजनिक निकायको प्रमुखको तहबाट निर्णय नभएको विषय,

१०) सार्वजनिक खरिद पुनरावलोकन समितिसँग सम्बन्धित विषय तथा अदालतमा विचाराधीन रहेका विषय; र

११) यस कार्यालयबाट विगतमा राय परामर्श दिइसकिएको विषय ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Adwait Ram Bhandari
adwaitram.bhandari@nepal.gov.np

(अद्वैत राम भण्डारी)
इन्जिनियर